# एसियाली राजनीतिमा युद्धका बाछिटा

एसिया विभिन्न स्रोत-संशाधनले सम्पन्न क्षेत्र हो । यसलाई शान्ति क्षेत्र नेपालले गराउने पहल गरे तापनि केही देशको असहयोगका कारण यो सफल हुनसकेन । निष्क्रिय रहेको सार्कको अध्यक्षता गरिरहेको नेपालले शान्ति क्षेत्रको प्रस्तावलाई पुनः अघि सार्न जरुरी देखिन्छ । औचित्य युक्त बनाइएको बिमिस्टेकलाई व्यवस्थित गरी दक्षिण एसियाली राष्ट्रको हित उपर कार्य गर्न जरुरी छ ।



कपिल अर्याल

> भारत र चीनबीचको टु प्लस रणनीति एसियाको भविष्य निर्माणमा जुट्नुपर्दछ । हिन्द प्रशान्तीय क्षेत्रमा पश्चिमाहरू आँखा गाडिरहेका छन् । भारत र चीनको बढ्दो विकासक्रम देखेर आतिएकाहरूले साउथ चाइना सी र दक्षिण एसियाली उपमहादीपमा द्वन्द्वको बिउ रोप्न खोजिरहेको छन् । पाकिस्तान जस्ता देश पश्चिमाहरूको मतियार बन्नु हुँदैन ।

विश्वजगतमा ध्रुवीकरणका घटनाहरू तीव्रत्तर विकास भइरहेका छन । विस्तारै युद्ध प्रभावका रेखा मध्यपूर्व हुँदै एसिया वा दक्षिण एसियाभित्र केन्द्रित भइरहेका छन् । हालै भारत-पाकिस्तानबीचको युद्ध विश्वजगतमा भइरहेका घटना र ध्रुवीकरणको उपज हो भनेर ठोकुवा गर्न सकिन्छ । यद्यपि पहलगाम घटनामा आतंकवादी आक्रमणपश्चात् उत्पन्न भएका कारणको प्रतिशोध पूर्ण प्रतिक्रिया मान्न पनि सकिन्छ । सन् २०१६ मा डोनाल्ड ट्रम्पको उदयपछि ट्रेड वार सुरु भयो अहिले ट्यारिफका नाममा ट्रेड वारले उग्र रूप लिएको छ । ट्यारिफले अमेरिकी अर्थतन्त्र र विश्वजगतको अर्थतन्त्रमा कस्तो प्रभाव पार्न सक्ला अथवा आत्मनिर्भरमुखी अर्थतन्त्र निर्माण गर्ने कैयौ देशको सपना के साकार होला ? यो पनि पछिल्लो समय अर्थराजनीतिमा विश्लेषण गर्न लायक विषय बनेको छ । युद्धको मूलकारण मध्य अर्थ पहिलो रूपमा गणना हुन्छ तसर्थ ट्रम्पको नीतिलाई युद्धसँग दाज्नु वाञ्छनीय हुन्छ ।

कुनै न कुनै बहानामा वार वा युद्धका आकार विकसित हुँदै गएका छन् । अर्कोतर्फ बहुध्रुवीय वैश्विक क्रान्तिका लागि प्रतिस्पर्धा चलिरहेको सर्वसामु स्पष्ट छ । अहिले एसियाले संसारलाई आर्थिक, सामरिक र जनसांखिक सार्मथ्य हासिल गरेबापत दोस्रो विश्वयुद्धपश्चात हेजीमोनी चलाइरहेका बादशाह हूँ भन्ने मुलुकलाई समुन्नत र सम्भाहक युक्त एसियाको मार्गचित्र प्रदर्शन गरिरहेको छ । यो एसियाबाहेकको द्वन्द्व विश्वलाई फिटिक्कै मन परेको छैन । जसका कारण कुनै प्रकारले दक्षिण एसियाका देशहरूलाई तहसनहस बनाउन अनेक कसरत गरिरहेका छन् । रुस-युक्रेन भिडाएर तमासा देख्नेहरू होस् वा इजरायल-प्लाइस्टाइन भिडाएर तमासा देख्नेहरू वा श्रीलंका, बंगलादेश, अफ्गानिस्तान भिडाएर तमासा देख्ने, यिनीहरू कुनै न कुनै रूपमा युद्धलाई मलजल गरिरहेका छन् ।

आतंकवाद सबैको मूल समस्या हो । संयुक्त राष्ट्रसंघको महाशभाबाट यसविरुद्ध सबै मिलेर लड्नुपर्ने नीति पास भएको दशक बितिसकेको छ । तर, व्यवहारमा आतंकवादलाई पक्षपोषण गर्नेको कमी छैन । एकातर्फ मानवअधिकारका तर्क अघि सारिन्छ भने अर्कोतर्फ आतंकवादलाई प्रश्रय दिइरहिन्छ । यो २१औं शताब्दीका होमोसेपियन्सविरुद्ध प्रजातन्त्रको कपोकल्पित झुट र भ्रम हो । पहलगाममा भएको हमला मानवताविरुद्धको घटनामात्र नभएर जातीय र धार्मिक असहिष्णुताको घटना थियो । यसले भूभागीय दृष्टिकोणबाट दक्षिण एसियाली राजनीतिमा धार्मिक युद्धको अभ्यासलाई सुपरिचित बनाउने प्रयास गर्‍यो, जुन विलकुलै उचित थिएन ।

अन्तर्राष्ट्रिय सम्बन्धको सारभूत तत्व भनेको सामूहिकता, एकता र भातृत्व हो । तर, आतंकवादको विरुद्धमा विश्व एक ठाउँमा किन उभिन सक्दैन ? के यो प्रश्नको खोजी हुन जरुरी छैन ? पहलागाम घटनापश्चात विश्व दुई ध्रुवमा विभाजित भएर होइन, बरू पाकिस्तान आतंकवाद, जिहाद र प्रजातन्त्र कुन पक्षताको जगमा उभिने हो यो प्रश्न सदाका लागि एतिहासिक प्रश्न हुनसक्थ्यो तर निहीत शक्ति स्वार्थका कारण कुनै देशले प्रश्न उच्चारण गर्ने सामर्थय राखेन जुन बिडक्बना थियो ।

नेपालीमा एउटा उखान छ, 'बुढी मरी भन्ने चिन्ता होइन काल पल्किन्छ कि भन्ने चिन्ता हो' अहिले एसिया वा दक्षिण एसियाका स-साना मुलुकले भारत-पाकबीचको युद्धबाट त्रसित भएका छन् । यो त्रासदीका कारण आर्थिक, सामाजिक, व्यापारिक र राजनीतिक रूपमा उनीहरूमा कस्तो मनोवैज्ञानिक असर पर्नसक्छ भन्ने हो । 'अपरेसन सिन्दुर' नाम दिएको उक्त ओपरेसन केही दिनको युद्धपश्चात फिलहाल भने दुवै देश सिथिलीकरणको यात्रातर्फ केन्द्रित भएका छन्, यसलाई उपयुक्त कदमको रूपमा लिनुपर्दछ ।

एसिया विभिन्न स्रोत-संशाधनले सम्पन्न क्षेत्र हो । यसलाई शान्ति क्षेत्र नेपालले गराउने पहल गरे तापनि केही देशको असहयोगका कारण यो सफल हुनसकेन । निष्क्रिय रहेको सार्कको अध्यक्षता गरिरहेको नेपालले शान्ति क्षेत्रको प्रस्तावलाई पुन: अघि सार्न जरुरी देखिन्छ । औचित्य युक्त बनाइएको बिमिस्टेकलाई व्यवस्थित गरी दक्षिण एसियाली राष्ट्रको हित उपर कार्य गर्न जरुरी छ । भारत र चीनबीचको टु प्लस रणनीति एसियाको भविष्य निर्माणमा जुट्नुपर्दछ । हिन्द प्रशान्तीय क्षेत्रमा पश्चिमा आँखा गाडिरहेका छन् । भारत-चीनको बढ्दो विकास क्रम देखेर आतिएकाले साउथ चाइना सी र दक्षिण एसियाली उपमहादीपमा द्वन्द्वको बिउ रोप्न खोजिरहेको छन् । पाकिस्तान जस्ता देश पश्चिमाहरूको मतियार बन्नु हुँदैन । मसुद असर, लस्करे तोइवा, जे.से मोहम्मद जस्ता आतंकवादीलाई संरक्षण गर्नु नै मतियार हुनु हो । तसर्थ शान्ति क्षेत्रको उपमालाई सबैले आत्मसाथ गर्दै एसियाली क्षेत्रमा युद्धरहित एसियाका रूपमा परिभाषा गर्न सके हामी सबैको जित हुन्छ । शुद्धोधन-४, रूपन्देही ।

# डा.दाहालको 'जोडिएका कुरा' लोकार्पण

**हिमालय टाइम्स**

काठमाडौं, १ जेठ



वरिष्ठ साहित्यकार डा.रामप्रसाद दाहालको 'जोडिएका कुरा' समालोचना-सिर्जना कृतिको लोकार्पण गरिएको छ । सेवा सदन विद्यालय बतीसपुतलीले आयोजना गरेको सो कार्यक्रममा उक्त कृतिको लोकार्पण गरिएको हो । कार्यक्रममा दाहाल सेवा सदन विशिष्ट सिर्जना सम्मान-२०८२ बाट पनि सम्मानित हुनुभएको छ । उहाँलाई नेपाल प्रज्ञाप्रतिष्ठनका पूर्वकुलपति वरिष्ठ कवि बैरागी काइँलाले सम्मान गर्नुभएको थियो ।

कार्यक्रममा बैरागी काइँलाले शिक्षा, साहित्य र अर्थ साहित्यको कृति प्रकाशन गरेर र गीतहरू लेखेर दाहालले जुन योगदान नेपाली समाज र साहित्य फाँटमा दिएका छन् त्यो सन्देशपरक र विशिष्ट रहेको बताउनुभयो । उहाँले भन्नुभयो, 'जोडिएका कुरा' कृतिमा पनि नयाँपन देखिन्छ । पाठकको लागि कृति उपयोगी हुने विश्वास मैले लिएको छु । यस अर्थमा सम्मान गर्ने सेवासदन र सम्मानित हुने दाहालजी बधाईको पात्र हुनुहुन्छ । कार्यक्रममा सोलुखुम्बुका दीपेन्द्र बस्नेतलाई पनि 'साहित्य सेवी सम्मान' प्रदान गरिएको थियो ।

यसैगरी कार्यक्रममा वरिष्ठ साहित्यकार रोचक घिमिरे, शैलेन्द्र साकार, चट्याङ मास्टर, राजेन्द्र केसी, ठाकुर शर्मा भण्डारी, प्रा.माधव घिमिरे, सन्ध्या पहाडीलगायतले दाहालको बहुआयामिक पाटोलाई चर्चा गरेका थिए । नेपाली साहित्य समालोचनाको फाँटमा 'जोडिएका कुरा' कृतिले छुट्टै पहिचान दिने कुरामा वक्ताहरूले जोड दिएका थिए । लेखक प्राडा.दाहालले कृति जन्माउनुको कारण चर्चा गर्दै सम्मान गर्ने सेवा सदन र उपस्थित सबैप्रति आभार व्यक्त गर्नुभएको थियो ।

वरिष्ठ साहित्यसेवी रोचक घिमिरेको सभापतित्वमा सम्पन्न कार्यक्रमको शर्मिला तिमिल्सिनाले उद्घोषण गर्नुभएको थियो । जसमा स्वागत मन्तव्य कल्पना गिरीको थियो ।

# सूर्य लाकोजुका कविताहरू माथि समालोचना



**काठमाडौं/हिटा ।** साहित्यकार सूर्य लाकोजुका कविताहरूको समालोचना गरी तयार पारिएको पुस्तक लोकार्पण भएको छ । 'सूर्यका कविताहरूको प्रवृत्तिगत विश्लेषण' शीर्षकको उक्त पुस्तक साहित्यकार श्रीहरि फुयालद्वारा तयार पारिएको हो । कार्यममा डा.गोविन्दराज भट्टराई प्रमुख अतिथि रहनुभएको थियो । कार्यक्रमा डा.कुमारप्रसाद कोइराला, डा.तुलसीप्रसाद भट्टराई, डा.शैलेन्दुप्रकाश नेपाल तथा डा.तुलसी गौतम अतिथि रहनुभएको थियो ।

लेखक, समालोचक, प्रमुख अतिथि चतथा अतिथिहरूबाट संयुक्त रूपमा उक्त पुस्तकको लोकार्पण भएको थियो भने उहाँहरूले कवि लाकोजु र उक्त पुस्तकमाथि आआफ्नो विचार राख्नुभएको थियो । उक्त पुस्तक ट्रान्सवर्ड प्रकाशनले प्रकाशित गरेको हो भने कार्यक्रमको आयोजना ओरियन्टल पब्लिकेसनले गरेको थियो ।

# अस्ताए लोकदोहोरी गायक अमर लामा



**कैलाली/हिटा ।** लोक दोहोरी क्षेत्रमा छुट्टै पहिचान बनाउनुभएका कलाकार अमर लामाको निधन भएको छ । उहाँको गत सोमबार ४७ वर्षको उमेरमा निधन भएको हो । पेटको बिरामीले थला पर्नुभएका उहाँलाई उपचारका लागि काठमाडौं ल्याएको थियो । काठमाडौंमा उपचार हुन नसक्दा घर ल्याउँदै गर्दा बीच बाटोमै उहाँको निधन भएको हो ।

डोटीको बडिकेदार गाउँपालिका-३ देवल (घाडल) मा जन्मनुभएका लामा हाल कैलालीको चुरे गाउँपालिकाको खानीडाँडामा बस्दै आउनुभएको थियो । स्कुले जीवनमै पढ्दै गर्दा 'पहराको फूल' नामक गीति एल्बमबाट चर्चित लामाले दर्जनौं गीति एल्बम बजारमा ल्याउनुभएको थियो ।

लामा गायनका साथै नाट्य र उद्घोषण विधामा पनि उत्तिकै चर्चित हुनुहुन्थ्यो । बाँसुरी, मादल, हार्मोनियमलगायत वाद्यवादनमा पनि उत्तिकै पोख्त लामा सुदूरपश्चिममा हुने मेला, महोत्सवमा आकर्षणका केन्द्र रहने गर्नुहुन्थ्यो । महेन्द्रनगरको महाकाली एफएमबाट सञ्चार क्षेत्रमा प्रवेश गर्नुभएका लामाले डोटीको शैलेश्वरी एफएममा स्टेसन म्यानेजरका रूपमा काम गर्नुभएको थियो ।

सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठानका उप कुलपति डा.टिएन जोशीले लामाको पार्थिव शरीरमा राष्ट्रिय झण्डा ओढाएर श्रद्धाञ्जलि अर्पण गर्नुभएको थियो । लामाका दुई पत्नी, दुई छोरा र दुई छोरी हुनुहुन्छ ।

## कर्जा चुक्ता गर्ने सम्बन्धि १५ दिने सार्वजनिक सुचना

सुचना प्रकाशित मिति : २०८२।०२।०२

**ऋणीको नाम : एच. एस. मोटर्स प्रा. लि.**

**संचालकको नाम : निर्देश सेढाई**


**ठेगाना : भरतपुर मनपा वडा नं. १२, गोन्द्राङ्ग, चितवन, नेपाल**

तपाई र यस कम्पनी विचको ब्यापारिक सम्झौता अनुसार खरिद गरी लिएको विभिन्न किसिमका साना सवारी साधन खरिद १९ थानको मूल्य वापतको रकम रु. ६,५३,५१,०००.०० (छ करोड त्रिपन्न लाख एकाउन्न हजार) चुक्ता गर्न बाकि रहेको र बक्यौता रकम चुक्ता गर्नको लागि बारम्बार ताकेता गर्दा समेत बक्यौता रकम चुक्ता भुक्तानी नगरेको र चुक्ता गर्ने मनसाय समेत नदेखाएकोले यो सुचना प्रकाशित गरिएको छ । पटक पटक सम्पर्क गर्दा समेत सम्पर्कमा नआएकोले आजको मितिले १५ दिन भित्र बक्यौता सम्पूर्ण रकम चुक्ता गरी हिसाब मिलान गर्नु होला अन्यथा कम्पनीले आफ्नो लेना रकम असुल उपर गर्नको लागि कानूनी प्रक्रियामा जाने व्यहोरा समेत यसै १५ दिने कानूनी सूचना मार्फत तपाईलाई जानकारी गरिएको छ ।

SIPRADI
सिप्रदी ट्रेडिङ्ग प्रा.लि.
नयाँ नैकाप काठमाडौ
सम्पर्क नं. ९८०१०००५७१


## कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

यस संस्थाबाट कर्जा लिने तपसिल बमोजिमका ऋणीले संस्थासँग गरेको कर्जाको लिखत सम्झौता बमोजिमको रकम समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज तथा हर्जना आदि नतिरी नबुझाई पटकपटक मौखिक तथा लिखित तरताकेता समेतलाई बेवास्ता गरी लिखित सम्झौताका शर्तहरू उल्लंघन गर्नुभई कर्जाको किस्ता र ब्याज तिर्ने म्याद समाप्त भएको हुँदा यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा तपाईं ऋणी तथा जमानतकर्ताले यस संस्थाबाट लिनुभएको कर्जाको सम्पूर्ण साँवा, ब्याज र हर्जनासमेत चुक्ता गर्नु/गराउनु होला । तोकिएको म्यादभित्र कर्जा भुक्तानी नगरेमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ र संस्थाको नियमावली तथा कार्यविधि समेतले दिएको अधिकार प्रयोग गरी तपाईंले लेखिदिएको धितो सुरक्षण लिलाम बिक्री गरी संस्थाले आफ्नो लेना रकम असुलउपर गरी लिने व्यहोरा अवगत गराउन चाहन्छौं । यदि सो धितोबाट नपुग भएमा ऋणीको हकभोग लाग्ने घरघरानाको अन्य चल अचल जायजेथा समेतबाट संस्थाको लेना रकम असुल उपर गरिने व्यहोरा समेत सूचित गरिन्छ ।



ऋणीको नाम, थर र ठेगाना
नाम : सागर श्रेष्ठ
ठेगाना : बूढानीलकण्ठ नगरपालिका
वडा नं. १३, चुनीखेल
बाबु : हिराकाजी श्रेष्ठ
बाजे : सिलाल श्रेष्ठ

कर्जाको उद्देश्य तथा धितो विवरण
अन्य प्रयोजन
काठमाडौं जिल्ला, जोरपाटी गा.वि.स. ४, सिट नं. १०२१०२९१४ को कि.नं. २७९ को क्षे.फ. १५८.९५ व.मी. जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।



धन जमानतकर्ताको नाम, थर र ठेगाना
नाम : धनलाल श्रेष्ठ
ठेगाना : बूढानीलकण्ठ नगरपालिका
वडा नं. १३, चुनीखेल
बाबु : हिराकाजी श्रेष्ठ
बाजे : सिलाल श्रेष्ठ

nptc एनपिटिसी लिमिटेड
(बचत तथा ऋण योजना)
चाबहिल, काठमाडौं

## नेपाल नागरिक उड्डयन प्राधिकरण
## गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय
भैरहवा, रुपन्देही

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

प्रकाशित मिति: २०८२/०२/०२

प्रस्तुत विषयमा यस कार्यालयबाट मिति २०८१/११/२१ गतेको हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरुको सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम प्राविधिक पक्ष तर्फ मुल्याङ्कन गरी सारभूत रुपमा प्रभावग्राही निर्धारण भएको देहाय बमोजिम बोलपत्रको आर्थिक प्रस्ताव मिति २०८२/०२/०९ गते दिनको ठिक १:०० बजे यस विमानस्थलमा खोलिने भएको हुँदा सोही नियमावलीको नियम ३१ज(५) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S.N. | Name of Procurement and Bid Identification Number | Substantially Responsive Bidder in Technical Evaluation |
|---|---|---|
| 1. | "Supply and Delivery of Test and Measuring Instrument for Electrical System at GBIACAO, Ncb-15/GBIA/081-82" | 1. M/S Pacific Commercial Company Pvt.Ltd<br>2. M/S E.Coil Pvt.Ltd<br>3. M/S Trishala International Pvt. Ltd<br>4. M/S Mahavir Shree International Pvt. Ltd |

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय

## स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र
हेटौडा, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८२/०२/०२**

यस केन्द्रबाट राष्ट्रिय पत्रिकामा आह्वान गरिएको तपशिल बमोजिमको बोलपत्र अन्तर्गत तपसिलको फर्म न्युनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही देखिन आएकोले बोलपत्र स्वीकृतीको लागि छनौट भएको हुदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) बमोजिम बोलपत्र स्वीकृत गर्न आशयको सुचना प्रकाशित गरिएको छ ।

| S. N. | Contract Name/ Contract Number | Bidder's Name/ Address | Amount (Without VAT) |
|---|---|---|---|
| 1. | PROCUREMENT OF NCD MEDICINES-2, IFB No. : HLMC/G/NCB-24/2081-82 | 1. Gosaikunda Medicine, Kathmandu | Nrs. 6,850,000.00 |
| 2. | PROCUREMENT OF SPARE PARTS (RE-BID), IFB No. : HLMC/G/NCB-25/2081-82 | 1. Suraj Trading Solution, Banepa | Nrs. 2,042,800.00 |

**निर्देशक**

स्थानीय सरकार
## हेलम्बु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
हेलम्वु, सिन्धुपाल्चोक
वागमती प्रदेश, नेपाल

### आर्थिक प्रस्ताव खोल्नेसम्बन्धी सूचना

**सूचना प्रकाशित मिति :- २०८२/०२/०२**

यस कार्यालयबाट मिति २०८१/१२/२० गतेको राट्रिय दैनिक पत्रिकामा प्रकाशित ठेक्का सूचना नं. **HRM/WORKS/NCB/2081/082-13** को निर्माण कार्य खरिदसम्बन्धी सूचना अनुसार रीतपूर्वक म्याद भित्र **www.bolpatra.gov.np/egp** मा दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्ताव मूल्यांकन गर्दा तपसिल बमोजिमका बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही तथा योग्यताका आधारमा सफल भएकोले सार्वजनिक खरिद (बाह्रौं संशोधन) नियमावली २०६४ को नियम ३१ ज (५) बमोजिम आर्थिक प्रस्ताव तपसिलको मिति र स्थानमा खोलिने भएको हुँदा सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S. N | Contract Identification Description of Works | Substantially Responsive Successful Bidders in Technical Bid Evaluation | Price Bid Opening Place, Date and Time |
|---|---|---|---|
| | **HRM/WORKS/NCB/2081/082-13** Construction of Administrative Building of Helambu Rural Municipality | 1. Khilung Kalika construction Pvt Ltd, Bhirkot-7, Syangja<br>2. Kaushil Basnet Nirman Sewa Pvt Ltd, Kathmandu-10<br>3. MMPL-OEBPL JV, Kalikot-Baneshwor-Kathmandu<br>4. SB/Gehendra/Jugal JV, Jorpati-4 , Kathmandu<br>5. Taksar-Malikadevi-Pakhreli Thapa JV, Chautara, Si.pa.<br>6. Jambudip Construction Pvt Ltd, Basundhara-3<br>7. Bishranti Construction Pvt Ltd,Chhabahil-7 Kathmandu<br>8. LOTUS/SM JV, Banepa-6<br>9. RSB/NFS JV, Anamnagar, Kathmandu<br>10. Slate/Raut Brothers JV, Suryabinayak-3, Bhaktapur<br>11. BM.C/D L.B JV, Suryabinayak-3, Bhaktapur<br>12. Anil Multi Company Pvt Ltd, Sindhupalchok | **Address:** Helambu Rural Municipality Office<br>**Date:** 2082/02/11<br>**Time:** 13:00 P.M |

**प्रमुख प्रशासकीय अधिकृत**